प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. १

# प्रदेश प्रशिक्षण केन्द्र

कलवलगुरी, भद्रपुर १०, झापा

## दररेट पेश गर्ने बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०७/०५)

यस केन्द्रको "प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत चालु आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश नं. १ का तोकिएको जिल्लाका पालिकाहरुमा तालिम संचालन गर्ने प्रयोजनका लागि सहभागीलाई खाने बस्ने व्यवस्था मिलाउन तथा तालिम हल र आवश्यक उपकरण समेतको व्यवस्था गर्ने प्रयोजनका लागि तपसिल वमोजिमका सेवा सुविधाहरु के कति दररेटमा उपलब्ध गराउन सक्ने हो सो को स्पस्ट दररेट खुलाई सो कार्य गर्न इच्छुक योग्यता पुगेका ब्यबसायी फर्म वा कम्पनीबाट देहायका कागजातहरुसहित रीतपूर्वक १५ दिन भित्र यस प्रदेश प्रशिक्षण केन्द्रको तपसिल वमोजिमको ठेगानामा बिधुतिय प्रणाली मार्फत वा कार्यालय समय भित्र आइ दर्ता गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको समय व्यतित भई प्राप्त भएका र रीत नपुगेका निवेदन उपर कुनै कारवाही गरिने छैन।

तपसिल

आवश्यक शर्त तथा कागजातहरु

१. ढाँचा अनुसारको आधिकारिक निवेदन।
२. ब्यबसायी फर्म तथा कम्पनी दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
३. मूल्य अभिवृदी कर दर्ता प्रमाणपत्र।
४. आ.व. ०७६/०७७ को लेखा परीक्षण प्रतिवेदन।
५. आ.व.०७६/०७७ सम्मको करचुक्ता प्रमाणपत्र।
६. आवश्यक इजाजत पत्र।
७. सम्पर्क व्यक्तिको नाम, ठेगाना ,फोन, इमेल।
८. प्याकेजमा उल्लेख भएको दररेट हलभाडा, प्रोजेक्टर, माईक लगायतका उपकरणहरु छुट्टै लागत पर्ने नपर्ने स्पष्ट खुलाई छुट्टै लागत पर्ने भए छुट्टाछुट्टै दररेट पेश गर्नु पर्नेछ ।
९. म्याद नाघी आएको वा रित नपुगेको दरभाउ पत्र उपर कुनै कारवाही गरिने छैन।
१०. पेश हुन आएका दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यसै कार्यालयमा रहनेछ।
११. यो सूचनामा परेका शर्तहरुको हकमा यसै वमोजिम र नपरेको हकमा प्रचलित कानून वमोजिम हुनेछ।
१२. निवेदनको ढाँचा वेबसाइट: pcgg.p1.gov.np वा कार्यालयबाट लिन सकिने छ।

निवेदन पेश गर्ने ठेगाना

प्रदेश प्रशिक्षण केन्द्र, प्रदेश न. १

कलवलगुरी, भद्रपुर १०, झापा

इमेल : pcgg.p1@plgsp.gov.np;

वेबसाइट: pcgg.p1.gov.np

सम्पर्क फोन न. ९८४९१४५०१७, ०२३-४५६०६३